# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २० ] काठमाडौं, पौष १३ गते २०२७ साल [ संख्या ३६

श्री ५ को सरकार

### वन मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको वन पैदावार बिक्री–बितरण नियमहरू, २०२७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### वन पैदावार बिक्री–वितरण नियमावली, २०२७

वन ऐन, २०१८ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "वन पैदावार बिक्री–वितरण नियमावली, २०२७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो नियमावलीमा सुखड दिने विषयमा हाल २ वर्षसम्मलाई मात्र लागू हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस नियमावलीमाः–

(क) "ऐन" भन्नाले वन ऐन, २०१८ सम्झनुपर्छ ।



632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "अधिकार प्राप्त अधिकारी" भन्नाले डी. एफ्. ओ. वा निजले तोकेको अधिकारी वा सो नभएको ठाउँमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको वा श्री ५ को सरकारले तोकेको अधिकारीलाई सम्झनुपर्छ ।

(ग) "दाउरा" भन्नाले ५ फीटभन्दा कम लम्बाई र २ फीटभन्दा कम गोलाई भएको वा सोभन्दा बढी लम्बाई वा गोलाई भएको भए पनि बांगो, धोत्रो, सुकेको वा मक्किएको अर्थात दाउराबाहेक अन्य कुनै काममा प्रयोग गर्न नसकिने काठलाई सम्झनुपर्छ । खैर, सिसौ, सतिसाल, दार, ओखर र चाँपको हकमा धोत्रो, सडेको वा मक्किएको बाहेक अन्य काठलाई दाउरा मानिने छैन ।

(घ) "सुखड" भन्नाले सम्पूर्ण सुकेको काठलाई जनाउँछ ।

३. पूर्जी लिनु पर्ने र टाँचा लगाउनुपर्नेः– यस नियमावलीबमोजिम अधिकार प्राप्त अधिकारीबाट पुर्जी नलिई कसैले कुनै किसिमको वन पैदावार उपलब्ध गर्न निमित्त वन क्षेत्रभित्र प्रवेश गर्न हुँदैन र पुर्जीद्वारा प्राप्त गरेको काठमा सरकारी टाँचा नलगाई वन क्षेत्रबाट लैजान हुँदैन ।

तर, पहाडी वन क्षेत्रमा जडिबुटि संकलन गर्न पुर्जी लिनुपर्ने छैन ।

स्पष्टिकरणः– यस नियमको प्रयोजनको लागि महाभारत र महाभारत उत्तरका पहाडी वन क्षेत्रलाई जनाउँछ ।

४. वन पैदावार प्राप्त गर्न दरखास्त दिनुपर्नेः– (१) वन पैदावार प्राप्त गर्न चाहने व्यक्तिले देहायका कुराहरू खुलाई अधिकार प्राप्त अधिकारीको कार्यालयमा दरखास्त दिनुपर्छः–

(क) वन क्षेत्रको नाम,
(ख) वन पैदावारको नाम,
(ग) वन पैदावारको किसिम र परिमाण,
(घ) वन पैदावार लिन चाहेको प्रयोजन र
(ङ) वन पैदावार प्रयोग गरिने ठाउँ ।

(२) उप–नियम (१) बमोजिम दरखास्त पर्न आएमा आवश्यक जाँचबुझ गरी अधिकार प्राप्त अधिकारीले चीफ कन्जरभेटरले तोकेको ढाँचामा पुर्जी दिन सक्नेछ ।

(३) उप-नियम (२) बमोजिम दिइने पुर्जीमा देहायका कुरा खुलाउनुपर्छः–

(क) वन क्षेत्रको नाम,
(ख) वन पैदावारको नाम,
(ग) वन पैदावारको किसिम र परिमाण,
(घ) टाँचा लाग्नेमा लगाइने टाँचाको विवरण,
(ङ) म्याद र

६३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) चरी चराउको पुर्जी दिएकोमा कुन जातको कति जनावरलाई कति महीनासम्म कति शुल्क लिई चरी चराउको पुर्जी दिएको हो सो व्यहोरा ।

(४) वन पैदावारको लाग्ने मोल शुल्क वा दस्तूर अधिकार प्राप्त अधिकारीले पुर्जी दिनु अगावै दरखास्त दिने व्यक्तिसंग बुझिलिनुपर्छ ।

तर:–

(क) नियम १४ अन्तर्गत बिक्री गरिने वन पैदावारको मोल करारनामामा उल्लेख भएबमोजिम लिइनेछ ।

(ख) घर संधाको पुर्जीद्वारा दिइने वन पैदावारको हकमा लाग्ने दस्तूर अगावै असूल नगरी वनबाट निकासी गर्दा मात्र अधिकार प्राप्त अधिकारीको कार्यालयले नाप पैमाइस गरी लाग्ने दस्तूर लिई पुर्जीमा दरपीठ गरी लैजान अनुमति दिनेछ ।

५. घर संधाको पुर्जी:– (१) देहायको अवस्थामा अनुसूची १ बमोजिम घर संधाको पुर्जी अधिकार प्राप्त अधिकारीले दिन सक्नेछ ।

(क) आगलागी वा दैवी परी कुनै व्यक्तिलाई घर बनाउन परेमा र

(ख) आर्थिक स्थिति कमजोर भएको व्यक्तिलाई घर बनाउनु परेमा ३ वर्षमा एक पटक ।

(२) उप-नियम (१) को खण्ड (क) अन्तर्गत पुर्जीको रु. १५।– र खण्ड (ख) अन्तर्गत पुर्जी को रु. ३०।– दस्तूर लाग्नेछ ।

(३) उप-नियम (१) बमोजिमको घर संधाको पुर्जी लिई अनुसूची (१) बमोजिमको घर बनाउन चाहने व्यक्तिले आगलागी वा दैवी परेको वा आफ्नो आर्थिक स्थिति कमजोर भएको व्यहोराको जिल्ला पञ्चायतको सिफारिश लिई अधिकार प्राप्त अधिकारीको कार्यालयमा दरखास्त गर्नुपर्छ ।

(४) उप-नियम (२) बमोजिम पर्न आएको दरखास्तमा आवश्यक जाँचबुझ गरी पुर्जी दिनुपर्ने देखेमा चीफ कन्जरभेटरले तोकेको ढाँचामा घर संधाको पुर्जीको ४ प्रति बनाई १ प्रति आफ्नो कार्यालयमा राखी ३ प्रति जिल्ला पञ्चायत कार्यालयमा बुझाई दिनेछ । जिल्ला पञ्चायतले पनि पुर्जी वितरण गर्दा १ प्रति आफूकहाँ राखी २ प्रति सम्बन्धित पुर्जी पाउने व्यक्तिलाई दिनेछ ।

(५) सम्बन्धित जिल्ला पञ्चायतले वितरण गर्न लिएको घर संधाको पुर्जी वितरण नभएमा सो पुर्जीको म्याद भुक्तान हुनु अगावै अधिकार प्राप्त अधिकारीको कार्यालयमा बुझाई दिनु पर्नेछ । सो म्याद सकिनु अगावै पुर्जी फिर्ता दाखेल नगरेमा सम्बन्धित पञ्चायतले पुर्जी दस्तूर बुझाउनु पर्नेछ र पुर्जी स्वतः रद्द हुनेछ ।

६३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) घर संघाको पुर्जी पाउने व्यक्तिले दुई प्रति पुर्जीमध्ये एक प्रति पुर्जी वन पैदावार प्राप्त गर्नु अगावै सम्बन्धित वन कार्यालयमा बुझाउनु पर्नेछ ।

(७) घर संघाको पुर्जी पाउने व्यक्तिले पुर्जी बमोजिमको वन पैदावार वन क्षेत्रबाट लिई आएपछि सम्बन्धित वन कार्यालयमा नाप पैमाइस गराई लाग्ने दस्तूर बुझाई दरपीठ गराएपछि मात्र लैजान पाउनेछ ।

(८) उप-नियम (७) बमोजिम नाप पैमाइस गर्दा अनुसूची १ मा उल्लिखित भएको बन पैदावारभन्दा १० प्रतिशतसम्म बढी ल्याएमा बढी हुनआएको काठको अनुसूची ५ बमोजिमको मोल लिई दिइनेछ र सोभन्दा बढी भएमा सो बढी बाकि काठ जफत गरिनेछ ।

६. अनुसूची २ बमोजिमको वन पैदावार लिनु पर्दा मोल तिर्नुपर्ने:– (१) कुनै व्यक्तिले अनुसूची २ बमोजिम कुनै वन पैदावार खरीद गर्न चाहेमा रू. ।२५ पैसा दस्तूरसाथ अधिकार प्राप्त अधिकारीको कार्यालयमा दरखास्त दिनुपर्छ ।

(२) उप-नियम (१) बमोजिम पर्न आएको दरखास्तमाथि आवश्यक जाँच-बुझ गरी अधिकार प्राप्त अधिकारीले दरखास्तवालालाई दरखास्तबमोजिमको वन पैदावारको मोल लिई दिनेछ ।

७. जडिबुटिको संकलन र निकासी:– (१) कुनै वन क्षेत्रबाट अनुसूची ३ मा उल्लिखित जडिबुटि संकलन गरी निकासी गर्न चाहने व्यक्तिले जडिबुटिको किसिम र परिमाणसमेत खोली अधिकार प्राप्त अधिकारीको कार्यालयमा दरखास्त दिनुपर्छ ।

(२) उप-नियम (१) बमोजिम प्राप्त हुनआएको दरखास्तमा जाँचबुझ गरी अधिकार प्राप्त अधिकारीले दरखास्तमा उल्लिखित जडिबुटिको अनुसूची ३ बमोजिमको मोल बुझिलिई जडिबुटिको किसिम, मोल र परिमाणसमेत खोली कुनै वन क्षेत्रमा संकलन गरी निकासी गर्न पुर्जी दिन सक्नेछ ।

(३) कुनै व्यक्तिले उप-नियम (२) बमोजिम कुनै वन क्षेत्रबाट संकलन गरी निकासी गरेको जडिबुटि बिदेश निकासी गर्न चाहेमा अधिकार प्राप्त अधिकारीले कानूनबमोजिम लाग्ने भन्सार महशूल लिई बिदेश निकासी गर्न दिनुहोला भनी सम्बन्धित भन्सारलाई सिफारिश गरी दिनुपर्छ ।

८. बल्ला-बल्लीको निमित्त काठ बिक्री गरिने:– श्री ५ को सरकारले चाहेमा अनुसूची ४ बमोजिम को मोल लिई बल्ला-बल्लीको निमित्त काठ बिक्री गर्न सक्नेछ ।

९. निजी घरकाज वा व्यवसायको लागि वन पैदावार बिक्री गरिने:– (१) निजी घरकाज वा व्यवसायको लागि वन पैदावार लिन चाहने व्यक्तिले अधिकार प्राप्त अधिकारीको कार्यालयमा दरखास्त दिनु पर्नेछ र अधिकार प्राप्त अधिकारीले सम्बन्धित वन क्षेत्रमा सुखडको परिमाण र त्यस क्षेत्रका जनताको आवश्यकतासमेत बिचार गरी उचित ठहऱ्याएमा

625

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

रू. ५।– पाँच रूपैया पुर्जी दस्तूर र अनुसूचीबमोजिमको मोल लिने गरी एक पटकमा ५००।– क्यू. फीटसम्म सुखड दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम देहायको वन क्षेत्रबाट प्राप्त गरेको काठ मात्र बिदेश निकासी गर्न पाइनेछः–

(क) मोरंग र सुनसरी जिल्लाको वन क्षेत्रबाट,
(ख) नवलपरासी जिल्लाको वन क्षेत्रबाट र
(ग) बर्दिया, कैलाली र कन्चनपुर जिल्लाको वन क्षेत्रबाट ।

(३) उप-नियम (१) बमोजिम वन पैदावार पुर्जी प्राप्त गर्दा अनुसूचीबमोजिम लाग्ने मोलको सयकडा १० प्रतिशत पुर्जी प्राप्त गर्नु अगावै दाखिल गर्नुपर्छ र काठको बाकि मोल नाप पैमाइस भई छोड–पुर्जी लिनु अगावै दाखिल गर्नुपर्छ र पुर्जीमा कटान घाट गद्दी र निकासी गर्न पाएको म्यादभित्र कटान घाट गद्दी निकासी नगरेमा सो जम्मा गरेको मोल स्वतः जफत हुनेछ ।

१०. सार्वजनिक विकास कार्यलाई वन पैदावार बिक्री गरिनेः– (१) जिल्लास्तरबाट संचालन गरिने सार्वजनिक विकास कार्यलाई श्री ५ को सरकारले गठन गरेको बोर्डको सिफारिशमा अधिकार प्राप्त अधिकारीले आवश्यकतानुसार सुखडबाट, छपान भएको लटबाट वा कल्चरल अपरेशनद्वारा प्राप्त हुने काठबाट वा अवादी जंगलबाट वा पुनर्वास योजना अन्तरगत बसोबास गराइने वन क्षेत्रबाट अनुसूचीमा उल्लिखित मोल वा मूल्यांकन गरिएबमोजिमको मोल लिई दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम प्राप्त गरिने वन पैदावारको मोलको व्यवस्था वन पैदावार प्राप्त गर्ने सम्बन्धित मन्त्रालय, विभाग, कार्यालय वा व्यक्तिले सो प्राप्त गर्नु अगावै गरिसक्नुपर्छ ।

(३) उप-नियम (१) बमोजिम वन पैदावारको माग गर्दा आगामी आर्थिक वर्षको लागि चालू आर्थिक वर्षको मार्ग मसान्तसम्ममा अधिकार प्राप्त अधिकारीको कार्यालयमा माग गरिसक्नुपर्छ ।

११. श्री ५ को सरकार वा बिदेशी सहयोग समेतबाट संचालन गरिने परियोजनालाई वन पैदावार बिक्री गरिनेः– (१) श्री ५ को सरकार वा बिदेशी सहयोग समेतबाट संचालन गरिने विभिन्न परियोजनाहरूलाई वन पैदावार बिक्री गर्दा अवस्था हेरी सुखडबाट वा छपान भएको लटबाट वा अवादीबाट वा पुनर्वास योजना अन्तरगत बसोबास गराइने वन क्षेत्रबाट प्राथमिकता दिई सुखड दिएमा अनुसूची ५ बमोजिमको मोल लिई र अरू छपान भएको लटहरूबाट दिइएमा मूल्यांकन गरिएबमोजिमको मोल लिई श्री ५ को सरकार वा श्री ५ को सरकारद्वारा अधिकार प्राप्त अधिकारीले बिक्री गर्न सक्नेछ । छपान भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 625

लटबाट लिन नचाहेमा इलाका स-मीलबाट वन पैदावार उपलब्ध गर्नु पर्नेछ र इलाका स-मीलले काठ बिक्री गर्दा यस्ता परियोजना कामलाई प्राथमिकता दिनुपर्छ ।

(२) उप-नियम (१) बमोजिमको परियोजनाको लागि वन पैदावार माग गर्दा सम्बन्धित मन्त्रालय, विभाग वा कार्यालयले आगामी आर्थिक वर्षको लागि चालू आर्थिक वर्षको मार्ग मसान्तसम्म श्री ५ को सरकार वन मन्त्रालय, सी. सी. एफ्. कार्यालयमा माग गरी सक्नु पर्नेछ र सम्बन्धित मन्त्रालय वा विभागले लाग्ने मोलको बजेट व्यवस्था गरी वन मन्त्रालय, सी. सी. एफ्. कार्यालय वा तोकिएको कार्यालयमा मोल बुझाउनु पर्नेछ ।

१२. मुख्यतः वन पैदावारमा आधारित उद्योग व्यवसायलाई वन पैदावार बिक्री गरिनेः– टिम्बर करपोरेशन, स- मिल, कत्था फ्याक्ट्री, म्याच फ्याक्ट्री आदि उद्योगहरूलाई वन पैदावार बिक्री गर्दा छपान भएका लटहरूमा प्राथमिकता दिई मूल्यांकन गरिएबमोजिम मोल लिई श्री ५ को सरकार वा श्री ५ को सरकारद्वारा अधिकार प्राप्त अधिकारीले बिक्री गर्न सक्नेछ ।

१३. इन्धन संस्थानलाई दाउरा बिक्री गरिनेः–(१) इन्धन संस्थानलाई दाउरा बिक्री गर्दा अनुसूची २ अनुसारको मोल लिई श्री ५ को सरकार वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकारीले बिक्री गर्न सक्नेछ ।

(२) इन्धन संस्थानले आगामी आर्थिक वर्षमा चाहिने दाउराको माग चालू आर्थिक वर्षको पौष मसान्तसम्म श्री ५ को सरकार, वन मन्त्रालय, वन विभागमा गरी सक्नु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम माग प्राप्त भएमा श्री ५ को सरकार, वन मन्त्रालय,वन विभागले चालू आर्थिक वर्षको चैत्र मसान्तसम्म दाउरा दिइने स्थान र परिमाण खोली इन्धन संस्थानलाई सूचना दिनेछ ।

१४. करारनामाः– (१) नियम ११, १२ र १३ को लागि वन पैदावार बिक्री गर्दा श्री ५ को सरकार वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकारीले करारनामा गरी वन पैदावार बिक्री गर्न सक्नेछ ।

(२) उप-नियम (१) मा लेखिएका अवस्थाको अतिरिक्त अरू अवस्थामा पनि श्री ५ को सरकारले चाहेमा करारनामा गरी वन पैदावार बिक्री वितरण गर्न सक्नेछ ।

१५. काठ वा दाउरा ल्याउँदा सुखडबाट ल्याउनुपर्नेः– (१) कुनै व्यक्तिले काठ वा दाउरा ल्याउँदा सुखडबाट ल्याउनुपर्छ र यसरी ल्याउने काठ वा दाउरा अधिकार प्राप्त अधिकारीद्वारा नाप पैमाइस गराई काठमा मात्र सरकारी टाँचा लगाई ल्याउनु पर्नेछ ।

(२) पहाडी वन क्षेत्रमा सुखड रहेनछ भने अधिकार प्राप्त अधिकारीद्वारा छपान भएको हरियो रूख उप-नियम (१) बमोजिमको रीत पुऱ्याई ल्याउनु पर्नेछ। तर छपान गर्न टाँचा प्राप्त नभएसम्म चिनो लगाई दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. चरी चराईः– कुनै व्यक्तिले वन क्षेत्रभित्र कुनै जनावर चरी चराउन चाहेमा रू. ।२५ पच्चीस पैसा दस्तूरसाथ अधिकार प्राप्त अधिकारीको कार्यालयमा दरखास्त दिनु पर्नेछ र अधिकार प्राप्त अधिकारीले त्यस्तो चरी चराउन दिनु उचित सम्झेमा अनुसूची ६ मा उल्लेख गरिएबमोजिमको जनावरलाई सोही अनुसूचीमा उल्लेख गरिएबमोजिमको चरी शुल्क लिई चरी चराईको पुर्जी दिनेछ ।

१७. सनातनदेखि चलिआएको धार्मिक कार्यको निमित्त बिना मोल दाउरा वा काठ दिनेः– यो नियमावलीमा जेसुकै लेखिएको भए तापनि पाटि, पौवा वा धर्मशाला बनाउने कामबाहेक सनातनदेखि चलिआएको कुनै धार्मिक कामको निमित्त अधिकार प्राप्त अधिकारीले मनासिवमाफिकको दाउरा वा काठको पुर्जी बिनादस्तूर र बिनामूल्य दिन सक्नेछ ।

१८. पुर्जी दिने अवधि र निकासी म्यादः– (१) अनुसूची ७ मा उल्लेख गरिएका जिल्लाहरूमा फागुनदेखि भाद्र मसान्तसम्म र अरू जिल्लाहरूमा कार्तिकदेखि जेष्ठ मसान्तसम्म पुर्जी दिइनेछ ।

(२) पुर्जीबमोजिमको वन पैदावारहरू पुर्जी पाएको मितिले २ महीनाभित्र निकासी गरिसक्नुपर्छ सो २ महीनाको म्यादभित्र वन क्षेत्रबाट घाट गद्दीसम्म ल्याउन ४५ दिनको र घाट गद्दीबाट निकासी गर्न १५ दिनको म्याद हुनेछ ।

(३) दाउरा र घर संघाबाहेक अरू वन पैदावारको पुर्जी लिने व्यक्तिले उप-नियम (२) बमोजिमको म्यादभित्र पुर्जीमा उल्लेख गरिएबमोजिमको वन पैदावार ल्याउन नसकेमा अधिकार प्राप्त अधिकारीले बढीमा अर्को १ महीना सम्मको म्याद थप दिन सक्नेछ ।

(४) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम १४ बमोजिम करारनामा गरी बिक्री गरिने वन पैदावारको कटान र निकासीको म्याद करारनामामा उल्लेख गरिएबमोजिम हुनेछ ।

(५) चरी चराई र जडिबुटिको पुर्जी वर्षभरी नै दिन सकिनेछ ।

१९. रूखको काठ नाप्ने, आयतन निकाल्ने, मूल्याङ्कन गर्ने तरीकाः– (१) रूख तथा काठको आयतन अनुसूची ८ बमोजिम निकालिनेछ ।

(२) मोल निर्धारण गर्दा उप-नियम (१) बमोजिम निकालिएको आयतनलाई अनुसूची २ र ५ को मूल्यले गुणन गरिनेछ ।

(३) जङ्गल नोक्सानी भई ठुट्टासम्म भएको तर काठ फेला नपरी बिगो कायम गर्नु पर्ने भएमा उप-नियम (१) बमोजिम निकालिएको आयतनलाई अनुसूची ५ बमोजिमको मूल्यले गुणन गरी बिगो कायम गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६८९

२०. चीफ कन्जरभेटरले दिएको निर्देशन पालन गर्नुपर्नेः– चीफ कन्जरभेटरले ऐन र यस नियमावलीको अधीनमा रही दिएको निर्देशन पालन गर्नु अधिकार प्राप्त अधिकारीको कर्त्तव्य हुनेछ।

२१. खारेजी र बचाउः– जङ्गली पैदावार बिक्री-वितरण नियमावली, २०१८ खारेज गरिएको छ। तर, सो नियमावलीबमोजिम गर्ने गरी भएको बिक्री-सम्झौता र आदेश पत्रहरूमा म्याद अवधिसम्मलाई सोही नियमावलीबमोजिम हुनेछ।

## अनुसूची–१

(नियम ५ संग सम्बन्धित)

२५ फीट लम्बाई र १५ फीट चौडाईसम्म भएको नगर पञ्चायत क्षेत्रबाहेक अरू ठाउँमा फुसको, माटाको, ढुङ्गाको वा ईंटको गारो भएको घर बनाउन चाँप, ओखर, सिसौ, दार, सतिसाल, असना र खैरबाहेक अरू निम्न उल्लिखित जातको काठबाट दिइनेछ।

घर संघाको काठः–

(१) साखु वा सल्लाबाट......................५० क्यू. फीट मोक्सर फीट।

(२) अन्य जातबाट.........................७५ क्यू. फीट मोक्सर फीट।

## अनुसूची–२

| वन पैदावारको नाम | एक मानिसले बोक्न सक्ने भारीको मोल | गाडा एक के मोल | ट्रक एक के मोल | चट्टा एक के (२०'×५'×५' अग्लो) |
|---|---|---|---|---|
| १. दाउरा | रू. -।२० | रू. १।५० | रू. ५०।- | चट्टा के रू.१२५।- |
| २. बेत | रू. ५।- | रु. ७५।- | रू. ३५०।- | |
| ३. गालत्रे (गाभा) | रू. ४।- | रू. ३०।- | रू. २००।- | |
| ४. बनकस (बाबियो) | रू. २।- | रू. ५।- | रू. २५।- | |
| ५. खर वा ढड्डी | बिनामोल | बिनामोल | बिनामोल | बिनामोल |
| ६. निगालो | रू. १।- | रू. ५।- | रू. ३०।- | |

तर, व्यवसायको लागि दाउरा गाडामा लिएमा गाडा एक के रू. ५।– मोल लाग्नेछ।

७. बाँस गोटा एक के रू. ।५०

८. चुन पोल्ने ढुङ्गा १०० क्यू. फीट के रू. ५।–

९. ग्रावेल बालुवा १०० क्यू. फीट के रू. २।–

१०. छाप्ने ढुङ्गा १०० वर्ग फीट के रू. ५।–

११. साधारण ढुङ्गा १०० क्यू. फीट के रू. ३।–

१२. गोल प्रति मन के रू. ३।–

०४२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. स्लेट १०० वर्ग फीट के रू. ५।–

१४. सेत मरूवाको लोक्ता भारी एक के रू. १।– गाडा एक के रू. ५।– ट्रक एक के रू. ३०।–

१५. सल्लाको खोटो (रेजिन) मन एक के रू. ६।–

१६. भौर्लाको छाला (बोक्रा) मन एक के रू. १०।–

१७. नून ढिक्की, कुमकुम, सल्लाको धूप र खसखस मन १ के रू. ३।–

## अनुसूची– ३

| जडिबुटिको नाम | प्रति किलोग्रामको मोल |
|---|---|
| १. पाँच औंले | रू ६।– |
| २. नागवेली (लाइकोपोडिम) | रू ८।– |
| ३. सर्प गन्धा | रू ३।– |
| ४. पिपला, मझांग, मह, सिलाजित, रोहिणी, कावेला | रू २।– |
| ५. लघुपत्र | रू १।– |
| ६. पिपली, विषमा, अतिस, मैन | रू १।– |
| ७. टिम्बुर, सुगन्धवाल, जटामसी, निरबिसि, गरमदोल | रू १।– |
| ८. मजीठा, सुगन्धकोकिला, नेपाली दालचिनी (तेजबोक्रा), सिंकौली सतावरी, पदमचाल, बिरोजा, काकरासंग्री, तेजपात, कुडकी | रू ।२० |
| ९. वालछल र रिठ्ठा | रू ।१५ |
| १०. चिराइतो, सतुवा, रूद्राक्ष, छतिबन, हर्रो, लोहान, बर्रो, काराजचुल्ठी, ककोली, एकलेबिर, बनलसुन, काफलको बोक्रा, टुकिफुल, मुजासेठा, सोमलता, कुचिला | रू ।१२ |
| ११. बुघना, झ्याउ, नागकेशर, बोझो, कचुर, वेल र वेलको चाना, उनिउको जरा कायम, असारे फुलको गाना, अडेल | रू ।१० |
| १२. कनफियरको बोक्रा, अमलवेद, चम्पावति, मुसलि, सेतकचिनी, तालिस–पत्र, सांख दुरलभ, रिसि मर्क, दारू, हलिक, भोजपत्र, राजबृक्ष, जिवन्ती, डिजितालिस, कारू, बिसफेज, अमला | रू ।८ |
| १३. भुतकेस, सुगन्ध पत्ता, भलायो, धावाफुल, नेपाली चिया, भोटे चिया, पावनको बोक्रा, असुरो, पैयुंको बोक्रा, मसलि, धतुरो, पदमपुस्कर, सिमलको भुवा | रू ।६ |
| १४. चिउरीको फल | रू ।१० |
| १५. विउ (साल, असना) इत्यादिको | रू ।१० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ४

(नियम ८ संग सम्बन्धित)

| काठको जात | फेदमा ५.० इन्चीदेखि ६.९ इन्ची डायमिटरसम्मको | फेदमा ७.० इन्चीदेखि ७.९ इन्ची डायमिटरसम्मको | फेदमा ८.० इंन्चीदेखि ८.९ इन्ची डायमिटरसम्मको | फेदमा ९.० इन्चीदेखि ९.९ इन्ची डायमिटरसम्मको | फेदमा १०.०. इंचीदेखि १०.९ इन्ची डायमिटरसम्मको |
|---|---|---|---|---|---|
| १. साल, चाँप, सिसौ | ३।– | ५।– | ८।– | १२।– | २०।– |
| २. देवदार, असना गम्भारी, सौर | २।– | ४।– | ७।– | १०।– | १४।– |
| ३. सल्ला सबै जातको र चिलाउने, कटुस, कर्मा, उत्तिस, इस्फुस, जामुन, सिमल, सन्दन, विजयसाल, चिलाउने, फल्दु, सिरीस | १।– | ३।– | ४।– | ६।– | ८।– |
| ४. खैरबाहेक अन्यजात | ।५०– | १।– | २।– | ४।– | ६।– |

नोटः– (१) खडा रूखको हकमा उपरोक्त डायमिटर ४।। फीट छातीको उच्चाईको नापबाट गरिनेछ ।

(२) बल्लाबल्लीको मूल्याङ्कन गर्दा उपरोक्त मोलबमोजिम गरिनेछ ।

## अनुसूची – ५

काठको प्रति क्यू. फीट मोलः–

| काठको जात | मूल्य प्रति क्यू. फीट रू. मा |
|---|---|
| १. सतिसाल, दार र ओखर | १५।– |
| २. सागवान | १५।– |
| ३. चाँप, सिसौ | ६।– |
| ४. साल | ४।५० |

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ५. | खयर | ४।५० |
| ६. | सिमल | २।५० |
| ७. | जामुन, कर्मा, टिकुन, चिलाउने, सिरीस, फल्दु, सन्दन र सौर | २।– |
| ८. | सबै जातको सल्ला | २।– |
| ९. | देवदार | २।– |
| १०. | टुन र गुटेल | ३।५० |
| ११. | भुडकुल | २।– |
| १२. | गभारी र विजयसाल | १।५० |
| १३. | बाँझि | १।– |
| १४. | असना | ३।५० |
| १५. | अन्य जात | ।७५ |

## अनुसूची–६

(नियम १६ संग सम्बन्धित)

| जनावर | १ वर्ष | ६ महीना | ३ महीना |
|---|---|---|---|
| १. हात्ती वा ऊंट प्रत्येकको– | ५०।– | २६।– | १ ।– |
| २. भैंसी र घोडा ३ भन्दा बढी भएमा प्रत्येकको– | १२।– | ७।– | ४।– |
| ३. गधा र याक ३ भन्दा बढी भएमा प्रत्येकको– | ८।– | ५।– | ३।– |
| ४. गाई, गोरू वा सो सरहको जनावर प्रत्येकको– | बिनाशुल्क | बिनाशुल्क | बिनाशुल्क |
| ५. भेडा, बाख्रा वा सो सरहको जनावर १० भन्दा बढी भएमा प्रत्येकको– | ।१० पैसा | ।६ पैसा | ।४ पैसा |

तर, १. वन क्षेत्रमा चरी चराउन नेपाली नागरिकहरूको जनावरलाई मात्र दिइनेछ।

२. शाही शिकार सुरक्षित क्षेत्रमा चरी चराउन दिइने छैन।

३. यस अनुसूचीको तात्पर्यको लागि जनावरको गणना धूरीको आधारमा गरिनेछ।

## अनुसूची – ७

( नियम १८ संग सम्बन्धित )

जिल्ला:– दार्चुला, हुम्ला, मुगू, जुम्ला, बझाङ्ग, बाजुरा, तिब्रीकोट, डोल्पा, मुस्ताङ्ग, मनाङ्ग, रसुवा, दोलखा, सोलुखुम्बू, संखुवासभा र ताप्लेजुङ्ग।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ८

(नियम १९ संग सम्बन्धित)

(क) काठ नाप्दा, आयतन निकाल्दा र मूल्याङ्कन गर्दा निम्नबमोजिमको आधारमा गर्नु पर्नेछ ।

रूखको वर्गीकरण र आयतन निकाल्ने तरीकाः–

(१) आयतन हिसाव गर्ने रूखमा छातीको उचाईमा (जमीनबाट४।। फीटमा) डायमिटर टेपले डायमिटर एक दशमलव इञ्ची (१/१० इञ्ची) सम्म नाप्नुपर्छ ।

(२) रूखको उच्चाई (टोटल हाईट) एवनिज टेबुलबाट आखिरी फूटसम्म लिनुपर्छ ।

(३) छातीको उच्चाईमा ११ इञ्ची वा सोभन्दा बढी डायमिटर भएका खयरबाहेकमा रूखहरूको निम्नबमोजिम वर्गीकरण गर्नुपर्छः–

क्लास १– हरियो, मर्न लागेको वा मरेको, खडा वा ढलेको, ठोस राम्रो तना भएको रूख जसमा कुनै रोग वा घाउ चोटले बाहिरबाट दागी नदेखिने ।

क्लास २– हरियो, मर्न लागेको वा मरेको, खडा वा ढलेको रूख जसमा घोघर वा अन्य दागीले गर्दा पूरा आयतन नपाउने तर ८ इञ्ची डायमिटरसम्ममा कम्तिमा ६ फीट लामो २ वटा सोझो मुढा वा १० फीट लामो एउटा सोझो मुढासम्म आउने ।

क्लास ३– क्लास १ र २ मा नपर्ने बाकि सबै रूख ।

(४) छातीको उच्चाईमा ११ इञ्ची भन्दा मुनि ५ इञ्चीसम्म डायमिटर भएका रूखहरूलाई बल्लाबल्ली कायम गरिनेछ । यिनीहरूको विभाजन निम्नअनुसार गरिएको छ ।

(१) ५.० इञ्चीदेखि ६.९ इञ्चीसम्म डायमिटर र जतिसुकै लमाईको ।

(२) ७.० इञ्चीदेखि ७.९ इञ्चीसम्म डायमिटर भएको ।

(३) ८.० इञ्चीदेखि ८.९ इञ्चीसम्म डायमिटर भएको ।

(४) ९.० इञ्चीदेखि ९.९ इञ्चीसम्म डायमिटर भएको ।

(५) १०.० इञ्चीदेखि १०.९ इञ्चीसम्म डायमिटर भएको ।

(५) ५.० इञ्चीभन्दा कम डायमिटरका रूखको लगत गरिने छैन ।

(६) आयतन हिसाब गर्दा क्लास १ र २ को आयतन ८ इञ्ची टप डायमिटरसम्मको र क्लास ३ को आयतन ४ इञ्ची टप डायमिटरसम्मको स्थानीय आयतन तालिकाहरूबाट निकाल्नुपर्छ ।

(७) (६) बमोजिम प्राप्त क्लास १ को ग्रस आयतनलाई (क्वार्टर गर्थ नापमा बदलनको लागि) ०.७८५४ ले गुणन गरी आएको आयतनलाई नेट आयतन मानिनेछ र क्लास २ मा ८" इञ्ची डायमिटर भएको टुप्पासम्ममा काठको प्रयोगमा आउन नसक्ने भाग, बाहिरी भित्री खराबीको भाग र क्वाटर गर्थ नापमा बदल्दा नापभित्र नपर्ने भागसमेत कट्टा गर्नुपर्ने हुँदा (६) बमोजिम प्राप्त आयतनलाई ०.६००८ ले गुणन गरी आएको आयतनलाई काठको नेट आयतन मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) खयरका रूखको हकमा ४ इञ्ची टप डायमिटरको स्थानीय आयतन तालिकाबाट आतयन निकाली यसैलाई नेट आयतन मानिनेछ ।

(९) क्लास ३ को ४ इञ्ची डायमिटरसम्मको पुरै आयतन र क्लास १ र क्लास २ को काठमा उपयोग नहुने ४ इञ्ची डायमिटरसम्मको बाकि लकडीबाट दाउराको चट्टा हिसाब गर्न निम्न सूत्र लगाई हिसाब गर्नुपर्छ ।

$$\text{दाउराको चट्टा} = \frac{\text{०.८७७८ आ. एक} + \text{१.४३१६ आ. दुई} + \text{३ आ. तीन}}{\text{१०००}}$$

जस्मा:–

आ. एक– क्लास १ का रूखको ८ इञ्ची टपसम्मको ग्रस आयतन ।

आ. दुई– क्लास २ का रूखको ८ इञ्ची टपसम्मको ग्रस आयतन ।

आ. तीन– क्लास ३ का रूखको ४ इञ्ची टपसम्मको ग्रस आयतन ।

(ख) काठ नाप्दा धोत्रो र मक्किएको भागलाई छुट्याई नाप्नुपर्छ । यसरी छुट्याइने धोत्रो र मक्किएको भाग जतिको आयतन निम्नअनुसार गरी नेट आयतन कायम गर्नुपर्छ ।

(१) गोलियाको एउटा मुखमा मात्र देखिएको धोत्रो वा मक्किएको काठको हकमा निम्न-बमोजिम नापी गरी र त्यसको आयतन निकाली काठको कूल आयतनबाट कट्टा गरिनेछ ।

(क) सर्वप्रथम लकडीको मुखमा मेक्सिमम स्क्वायर सेक्शनको अनुमान गरिनु-पर्छ । स्क्वायरको १ साइड निकाल्न गोलाईलाई १० ले भाग लिई २ ले गुणन गरेपछि निस्कन्छ ।

(ख) यदि धोत्रो त्यस स्क्वायर सेक्शनको पूराभित्र परेको छ भने धोत्रोको लामो र छोटो भाग नापी दुबैमा एक एक इञ्ची थप गर्नुपर्छ ।

(ग) उपरोक्त (ख) बाट प्राप्त साइडहरूलाई गुणन गरी क्रस सेक्शनल एरिया हिसाब गर्नुपर्छ ।

(घ) उपरोक्त (ग) को कूल सेक्शनल एरियालाई धोदको लम्बाईले गुणा गरेपछि धोदको आयतन आउँछ ।

(ङ) उपरोक्त (क) बाट प्राप्त भएको स्क्वायर सेक्शनमा धोदको केही भागभित्र परेमा स्क्वायरको सिमानामा पर्ने धोदको साइडमा एक इञ्ची कम गरी दिने र सेक्शनभित्र पर्ने अर्को साइडमा आधा इञ्ची कम गरी यसरी आएको दुबै साइडलाई गुणन गरी क्रस सेक्शनल एरिया निकाल्ने र यस एरियालाई धोदको लम्बाईले गुणी धोदको आयतन निकाल्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) उपरोक्त (क) अनुसार प्राप्त भएको स्क्वायर सेक्शनको क्षेत्रबाहिर पर्ने धोदको हकमा धोदको आयतन लकडीको कूल आयतनमा कट्टा गर्नु पर्दैन ।

(२) गोलियाको दुबै मुखमा देखिएको धोदको हकमा उपरोक्त नं. १ अनुसार प्राप्त स्क्वायर सेक्शनमा धोदको दुबै मुखको साइडहरू नापी स्क्वायर सेक्शनको भित्र बाहिर पर्ने प्रकार अनुसार थप्नु पर्ने भाग थपी उस्तै उस्तै साइडको सरदर साइडहरूबाट क्रस सेक्शन निकाली त्यसलाई धोदको लम्बाईले गुणी धोदको आयतन निकाल्नुपर्दछ । यसरी आएको धोदको आयतनलाई लकडीको कूल आयतनबाट कट्टा गरी नेट आयतन निकालिनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।